३६

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, भदौ १ गते २०३६ साल (अतिरिक्ताङ्क १६

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजका हजूरमा त्रिभुवन विश्वविद्यालय सभाले अधिराज्यको उच्च शिक्षाको क्षेत्रमा देखापरेका र भविष्यमा पर्न सक्ने विविध समस्या तथा तिनका निराकरणको लागि एउटा शाही आयोग गठन गरिबक्सन बिन्ती चढाएको ब्यहोरा मौसूफका हजूरमा जाहेर हुँदा, देहायको कार्यसमेत पूरा गरी मौसूफका हजूरमा विस्तृत प्रतिवेदन जाहेर गर्न मौसूफबाट देहायबमोजिमको शाही उच्च शिक्षा आयोग गठन गरिबक्सेको छः–

१. गठनविधि

| | |
|---|---|
| (क) माननीय श्री रणधीर सुब्बा, सदस्य, राष्ट्रिय पञ्चायत– | अध्यक्ष |
| (ख) माननीय श्री मदनबहादुर प्रधान, सदस्य, राष्ट्रिय पञ्चायत– | सदस्य |
| (ग) श्री जगतमोहन अधिकारी– | सदस्य |
| (घ) श्री बल्लभमणि दहाल– | सदस्य |
| (ङ) श्री मोहनप्रसाद लाखे– | सदस्य-सचिव |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आयोगले राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भ भएदेखि उच्च शिक्षाको क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू केलाई राष्ट्रिय पञ्चायतको सामाजिक समिति, राष्ट्रिय योजना आयोग, त्रिभुवन विश्वविद्यालय लगायत उच्च शिक्षा सम्बन्धी विभिन्न निकायहरू, चौधै अञ्चलका देशका शिक्षाविद, शिक्षक, अभिभावक तथा पञ्चहरू समेतसंग सम्पर्क राखी छलफल गरी देशको बृहद् हितका लागि अपनाउनु पर्ने उच्च शिक्षाबारे प्रतिवेदन तयार गर्नु पर्नेछ।

३. उपर्युक्त कार्यका अतिरिक्त आयोगले उच्च शिक्षाको वर्तमान अवस्था समीक्षा गरी देहायका पक्षहरूलाई समेत समष्टि रूपमा केलाई स्पष्ट नीति प्रस्तुत गर्नु पर्नेछः—

(क) उच्च शिक्षाको गुणात्मक सुधारबारे लिनु पर्ने नीति,

(ख) उच्च शिक्षाको क्षेत्रमा सेवा गर्ने शिक्षकहरूको गुण र स्तर प्रतिस्थापन गर्न लिइनु पर्ने नीति,

(ग) प्राविधिक, व्यावसायिक र साधारण विषयको उच्च शिक्षाका लागि अपनाउनु पर्ने नीति,

(घ) अनुसन्धान सम्बन्धी नीति,

(ङ) उच्च शिक्षाप्रतिको राष्ट्रको आर्थिक दायित्वबारेको नीति,

(च) अन्तर्राष्ट्रिय जगतमा नेपालको उच्च शिक्षाप्रतिको मान्यता तथा विश्वास जस्ता पक्षहरू, र

(छ) उच्च शिक्षाको विकासमा जनअभिरुचि तथा जनसहभागिताको भूमिका।

४. आयोगले आफ्नो कार्य खँदिलो र सुचारु रूपले संचालन गर्न चाहिने अन्य आवश्यक सुझाव सङ्कलन तथा कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

५. आयोगले साधारणतः सम्वत् २०३९ सालभित्र प्रतिवेदन तयार गरी जाहेर गर्नु पर्नेछ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

२०० 

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।